## नगर प्रहरी सेवा करारमा सेवा लिने सम्बन्धी सूचना

(दोश्रो पटक सूचना प्रकाशित मिति :२०७९/११/०१)

| क्र.सं. | विज्ञापन नं. | पद नाम | आवश्यक संख्या | पारिश्रमिक तथा सुविधा |
|---|---|---|---|---|
| १ | २/०७९/८० | नगर प्रहरी सहायक निरिक्षक | १ (एक) | नेपाल सरकारले तोके बमोजिमको शुरु तलव स्केल |

१. **शैक्षिक योग्यता र अनुभव :**

१.१ नेपालीनागरिक रहेको।

१.२ दरखास्त आव्हान गरेको सालको बैशाख १ गते १८ वर्ष उमेर पुरा भई २४ वर्ष पूरा भएको वा नेपाल प्रहरी वा सशत्रप्रहरी बल नेपालवा नेपाली सेनाबाट कम्तीमा प्रहरी सहायक निरीक्षक वा सो सरहको पदबाट अवकास प्राप्तको हकमा ४० वर्ष उमेर ननाघेको।

१.३ नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट उच्च माध्यमिक तह वा सो सरह उत्तीर्ण गरेको।

१.४ नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

१.५ कुनै राजनीतिक पार्टीको सदस्य नरहेको।

१.६ मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको। कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको।

१.७ महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको। छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्चभएको।

१.८ आँखा माइनस २ वाप्लस २ भन्दा बढी कमजोर नभएको।

१.९ स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।

२. **दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम निरोगिताको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने।

३. **छनौटसम्बन्धि मापदण्ड:**

१. **शैक्षिक योग्यता (सूचनाअनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा - २० (बीस) अंक,**

१.१ तोकिएको न्यूनतम शैक्षिक उपाधिमा ३२% वाGPA मा D देखि ४९.९९% वाGPAमाD+ सम्म प्राप्तभएको:-१० अंक

१.२ तोकिएको न्यूनतम शैक्षिक उपाधिमा ५०% वाGPA माC+ वा सो भन्दामाथिप्राप्ताङ्भएको १५ अंक

१.३ सम्वन्धित विषयमा तोकिए भन्दा माथिल्लो शैक्षिक उपाधिमा ३२% वा GPA मा D देखि ४९.९९% वा GPAमा D+ सम्म प्राप्त भएको:-१७अंक

१.४ सम्वन्धित विषयमा तोकिए भन्दा माथिल्लो शैक्षिक उपाधिमा ५०% वाGPA माC+ वा सो भन्दा माथि प्राप्ताङ्भएको २० अंक

२. **कार्यानुभव:- २० (वीस) अंक**

नेपाली सेनावा नेपाल प्रहरी वा सशत्रप्रहरी बल नेपालबाट सेवा निवृत्त भएको र देहाय अनुसारको कार्य अनुभव भएको,-

२.१ ५वर्षसम्म सम्वन्धित क्षेत्रमा कार्यानुभव भएको:- ८ (आठ) अंक

२.२ ५ वर्षदेखि ८ वर्ष सम्म सम्वन्धित क्षेत्रमा कार्य अनुभव भएको- १२(बाह्र) अंक

२.३ ८वर्षदेखि १२ वर्ष सम्म सम्वन्धित क्षेत्रमा कार्य अनुभव भएको:- १६ (सोह्र) अंक

२.४ १२वर्षभन्दा बढी सम्वन्धित क्षेत्रमा कार्य अनुभव भएको:- २० (वीस) अंक

३ **उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी:- २५(पच्चीस)अंक**

३.१ यस नगरपालिको स्थायी ठेगाना भएमा - २५(पच्चीस)अंक

३.२ भक्तपुरजिल्लाको स्थायी ठेगाना भएमा - १५(पन्ध्र) अंक

३.३ बागमतीप्रदेशको स्थायी ठेगाना भएमा - १० (दश)अंक।

४. **समावेशिता- ५ (पाँच) अंक,**

४.१ दलित, आदिवासी जनजाति:५ अंक

४. **अन्तर्वार्ता सम्बन्धी व्यवस्था ३० (तीस) अंक,**

५. **विविध**

५.१ Short Listमा उत्तीर्ण अंक ४० हुनेछ।

५.२ Short List हुनेलाई Medicalजाँच र शारिरीक परिक्षणमा उत्तीर्ण भए पश्चात मात्र अन्तर्वार्तामा सहभागी गरिनेछ।

५.३ कार्यालय समय:- कार्यालयले तोके अनुसार हुनेछ।

५.४ सेवाअवधि: २०८० असार मसान्त सम्म।

५.५ परीक्षा दस्तुर: नगर प्रहरी सहायक निरिक्षक रु. ७००।-

केशव सिलवाल
निर्देशक, महाशाखा प्रमुख
कानून तथा प्रशासन महाशाखा

CamScanner

| | |
|---|---|
| **कर्मचारीको पद:** नगर प्रहरी सहायक निरीक्षक | काम गर्नुपर्ने स्थान: मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्र |
| **कर्मचारीको नाम:** | |
| सुपरिवेक्षक: प्रशासन शाखा प्रमुख (शाखा अधिकृत) | प्रतिवेदन पेश गर्नुपर्ने अधिकारी: कानून तथा प्रशासन महाशाखा प्रमुख समक्ष |

**कार्य विवरण:**

१. नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने गराउने,
२. नगरपालिकाको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने गराउने,
३. नगरपालिका स्तरमा हुने सभा समारोह, परम्परा तथाजात्रा चाडपर्वको सुरक्षाव यवस्थापन गर्ने गराउने,
४. नगरपालिका क्षेत्र भित्रका बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने गराउने,
५. नगरपालिका क्षेत्र भित्रको सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन गराउने,
६. न्यायिक समितिले गरेका मिलापत्रतथा निर्णयको कार्यान्वियन गर्ने गराउने,
७. सार्वजनिक, ऐलानी, पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने गराउने,
८. विपद् व्यवस्थापन सम्वन्धी खोजि, उद्दार, राहत तथा पुनर्स्थापना गर्ने गराउने कार्यमा नेपाल सरकार तथाप्रदेश सरकारका सुरक्षा निकायहरुसँग समन्वय गरी कार्य गर्ने गराउने,
९. अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण गर्ने गराउने,
१०. छाडा पशु चौपायाको नियन्त्रण गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।
११. अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने गराउने,
१२. सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने गराउने ।
१३. नगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने गराउने,
१४. सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रशासन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने वा भत्काउन लगाउने ।
१५. स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु बिक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।
१६. रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।
१७. खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।
१८. वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसंगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।
१९. नगरपालिकाबाट ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।
२०. नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।
२१. विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।
२२. नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।
२३. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।
२४. नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।
२५. नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।
२६. अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।
२७. नगरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

केशव सिलवाल
निर्देशक महाशाखा प्रमुख
कानून तथा प्रशासन महाशाखा

२८. नगरपालिकाको क्षेत्र भित्रका निजी सुरक्षा एवं आर्थिक व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२९. नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

३०. नगरपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

३१. नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

३२. तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

३३. नगरकार्यपालिकाको कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

केशव सिलवाल
निर्देशक, महाशाखा प्रमुख
कानून तथा प्रशासन महाशाखा